# सत्यजीतको सत्याग्रह

-चंकी श्रेष्ठ

गरिबी, गरिबी, केबल गरिबी । गरिबीको दबाबले एउटी आइमाई निसासिनसम्म निसासिन्छे । जीर्ण बन्दै गएको घर मर्मत गर्न नसक्दा उठीबास होला भन्ने पीर त छँदैछ, विरामी छोरीलाई राम्ररी खुवाउन नसकेको र छोरालाई स्कुल भर्ना गर्न नसकेको पीडा पनि उत्तिकै छ । उसको लोग्ने भने सधैँ उडन्ते भावुकतामा मात्र रमाइरहन्छ । ऊ आफूलाई लेखक भनाउन रुचाउँछ । कविता र नाटकको नयाँ प्लट फुरेकोमा मख्ख पर्छ । गरिबीले सुकुल ठटाएसरि ठटाएको उसलाई पत्तै हुँदैन ।

के आफ्नो परिवेशको सत्यप्रति न्याय गरेर सिनेमा बनाउन सकिँदैन ? के गरिबी, र आफ्नै माटोको चोखो कथा सिनेमाको विषय बन्न सक्दैन ? विश्वप्रसिद्ध भारतीय चलचित्र निर्देशक सत्यजीत रेको ‘पाथेर पाञ्चाली’ले यी प्रश्नहरूको सुन्दर जवाफ दिएको छ ।

भारतमा औद्योगिक क्रान्तिपछि सामाजिक अन्तर्सम्बन्धमा आएको परिवर्तनको एउटा मार्मिक कथा । निश्चिन्दपुर गाउँका पुरोहित हरिहर राय अत्यन्तै दरिद्र छन् । छाक टार्न र छोराछोरी हुर्काउनै हम्मे । धन्य पत्नी सर्वोजयाको धैर्य ! लोग्नेलाई भरपर्दो काम थाल्न उनी घच्घच्याइरहन्छिन् । तर, लोग्नेको भावुकतालाई के भन्ने !

हरिहर एउटा जमिन्दारको कारोबारसम्बन्धी काम थाल्छन् र आफ्नो थोरै आम्दानीले घरखर्च चलाउँछन् । घरको बिग्रँदो हालतले सर्वोजयाको भने सधैँ पुर्पुरोमा हात हुन्छ ।

यस्तो निसासिँदो गरिबीबीच पनि छोरी दुर्गा र छोरा अपुको संसार भने रमाइलो छ । बाँसघारी-बाँसघारी दौडन्छन् । कहिले काँसघारी र पोखरीको वरिपरि रमाउँछन् । छिमेकीको ऊखु चोरेर काँसघारी -काँसघारी दौडँदै जाँदा पहिलो पल्ट रेल देख्दा कम्ती रमाउँदैनन् । कहिले मीठाइ बेच्नेलाई पछ्याएर हैरान पार्छन् ।

आँगनमै एउटा छाप्रोमा अत्यन्तै वृद्धा काकी इन्दिर बस्छिन् । दुर्गा र काकी इन्दिर एक अर्कालाई असाध्यै माया गर्छन् । दुर्गा छिमेकीको आँप र अम्बा चोरेर बुढीलाई खुवाउँछे । सर्वोजया भने बुढीलाई देखिसहन्नन् । बारम्बार निकालिदिन्छिन् । तर बुढी कहिल्यै गुनासो गर्दिनन् । बरु बेला बेलामा सर्वोजयाको भान्छामा सुटुक्क छिरेर खुर्सानी वा अन्य मसला लैजाने बानी छ उनको । बुढी सधैँ एउटा मार्मिक श्लोक भट्याइरहन्छिन् । दुर्गा र अपुलाई कथा सुनाइरहन्छिन् ।

किशोरी दुर्गाको एक सहेलीको बिहे हुन्छ । दुर्गालाई पनि बिहे गर्न मनलाग्छ । ऊ भगवान्सँग पुकारा गर्छे- मेरो लोग्नेलाई म पहिलो सन्तान छोरै दिन सकूँ ।

हरिहर टाढाको जमिन्दारकहाँ दीक्षा समारोहका लागि जान्छन् । यता सर्वोजयालाई भने गरिबीले टाटिटिक्न दिँदैन । त्यस्तैमा छिमेकीको एक धनी परिवारले दुर्गालाई सुनको सिक्री चोरेको आरोप लगाउँछ । दुर्गासँग सिक्री नभेटिएपछि पूरै परिवारलाई उनीहरु चोर दोष लगाउँछन् । सर्वोजयालाई अपमान सहिनसक्नुहुन्छ ।

हरिहरको एउटा चिट्ठी आउँछ । दीक्षा समारोह हुन नसकेको र घर मर्मत गर्ने खर्च जुटाउन बनारस गएको बेहोराको चिट्ठी । यसबीच सर्वोजयाको जीवनमा कति कति दुर्घटनाहरु आउँछन् । जीवन त उनलाई कहालीलाग्दो भीर लाग्नथाल्छ । धन्न हार मान्दिनन् ।

निम्नमध्यमवर्गीय जनजीवनमा आइलाग्ने दुर्घटनाहरुको कहालीलाग्दो कथा । के जीवनको जीर्णताप्रति कलाकर्मी निस्पृह रहनसक्छ ? ‘पाथेर पाञ्चाली’मा रेले यो प्रश्नलाई निकै सुन्दर बान्कीमा सम्बोधन गरेका छन् ।

हिमाल एसोसिएसनको फिल्म साउथ एसिया र पाटनढोकास्थित यलमाया केन्द्रको संयुक्त प्रयासका बनेको फिल्म क्लबले यसपालि सत्यजीत रेका दुर्लभ नौ चलचित्र प्रदर्शन गरिरहेको छ । रेको बाह्रौं स्मृतिदिवसका अवसरमा प्रदर्शन गरिएका 'पाथेर पाञ्चाली', अपराजितो, अपुर संसार, जलसा घर, देवी, तीन कन्या, महानगर, जन अरण्य, आगन्तुक जस्ता चलचित्रले रेको खास प्रवृत्तिलाई प्रतिनिधित्व गर्दछन् । आफ्नो परिवेशको सत्य बकेर विश्वभरि खुल्दुली मच्चाएका रेका चलचित्रबारे आमनेपाली तथा भारतीय दर्शकलाई जानकारी छैन । कुरुसोवा, नागिशा ओसिमा, जाङ यिमाउ त अलि परकै भए, भारतमै इमान्दार चलचित्र बनाइरहेका अडुर गोपालकृष्णन, श्याम बेनेगल, गोविन्द निहलानी, मृणालसेन, ऋत्विक घटक, गुलजारका चलचित्रबारे पनि खास जानकारी छैन । स्वाभाविक पनि हो, किनभने यी त्यति सुलभ छैनन् । सिनेमामा सत्याग्रह । नेपालीमात्र होइन, मूलधारका भारतीय चलचित्रकर्मीलाई पनि यो कुरा ठट्टा लाग्नसक्छ । तर बंगालीभाषी सत्यजीत रे यस्ता  दिग्दर्शक हुन् जसको चलचित्रमा एकमात्र आग्रह हुन्छ- सत्य,सत्य र केवल सत्य ।

सम्भवतः रे नै विश्वका यस्ता व्यक्तित्व हुन् जसले चलचित्र क्षेत्रमा लागेर सबैभन्दा बढी पुरस्कार हात पारे । चलचित्रमा योगदानका लागि विशेष ओस्कारका अतिरिक्त म्यागासेसे, भारत रत्न, दादासाहेब फाल्केजस्ता थुप्रै पुरस्कार पाएका छन् उनले । 'पाथेर पाञ्चाली'ले १२ र अपराजितोले विभिन्न १६ अन्तर्राष्ट्रिय पुरस्कार पाएका छन् भने उनका अन्य थुप्रै चलचित्रले भारतको सर्वश्रेष्ठ राष्ट्रिय फिल्म पुरस्कार पाएका छन् ।

रे मूलतः साहित्यिक कृतिमै चलचित्र बनाउन रुचाउँथे । उनले विभूतिभूषण वनर्जीको कृतिमा 'पाथेर पाञ्चाली', 'अपराजितो', 'अपुर संसार' बनाए भने रवीन्द्रनाथ टैगोरको कृतिमा 'तीन कन्या', 'चारुलता', ताराशंकर बन्धोपाध्यायको कृतिमा 'जलसा घर', 'अभिज्ञान', हेनरिक इब्सेनको कृतिमा 'गणशत्रु' बनाए ।

भितोरियो डेसिकाको 'द बाइसाइकल थिभ्स'बाट रे अत्यन्तै प्रभावित थिए । सन् १९४९मा बनेको उक्त चलचित्रले  त्यसताका विश्वमा नवयथार्थवादी चलचित्रको लहर ल्याएको थियो । इटालीका त्यसताकाका चलचित्रमा मुसोलिनीको शासन र द्वितीय विश्वयुद्धले जीर्ण बनेका जनजीवनको वास्तविक चित्रण गरिएको हुन्थ्यो । कथाले रोजेकै स्थानमा छायांकन गर्नु, स्थानीय व्यक्तिलाई नै अभिनय गर्न लगाउनु तथा मलुवा स्तरको रिल प्रयोग गर्नु त्यस्ता चलचित्रका विशेषता थिए । यसले चलचित्रमा चित्रित जनजीवनलाई पत्यारिलो बनाउँथ्यो । रेले पनि यस्तै चलचित्र बनाउने अठोट गरे । विभूतिभूषण बनर्जीको कृतिमा 'पाथेर पाञ्चाली' बनाउने उनको सपना थियो । कथाको प्रतिलिपि अधिकार र निर्माण खर्चका लागि सुरुमा उनले निकै संघर्ष गर्नुपर्‍यो । अन्ततः सन् १९५५मा बंगाल सरकारको खर्चमा उनले त्यो चलचित्र बनाए । भारतमा यो चलचित्रलाई सुरुमा दरिद्र चलचित्र भनी निकै निन्दा गरियो । सन् १९५६मा फ्रान्सको क्यान्स फिल्म फेस्टिबलमा उत्कृष्ट मानवीय दस्तावेजको रूपमा पुरस्कृत भएपछि भने यसले कहिल्यै पछाडि फर्केर हेर्नुपरेन । आज संसारका थोरै युगान्तकारी चलचित्रको अग्रपंक्तिमा पर्दछ यो चलचित्र ।

'पाथेर पाञ्चाली'को सार्वजनिक प्रदर्शनी राजधानीमा सम्भवतः यो दोस्रो पटक हो । यसअघि सन् १९९३मा राजधानीमा भएको प्रथम अन्तर्राष्ट्रिय चलचित्र उत्सवमा अत्यन्तै थोरै दर्शकबीच यो चलचित्र प्रदर्शन गरिएको थियो ।

चलचित्रका जानकार प्रकाश सायमीका अनुसार 'पाथेर पाञ्चाली' बनाउँदा रे 'कट' भन्नसमेत जान्दैनथे । कला निर्देशक वंशीचन्द्र गुप्ताले उनलाई यो भन्न सिकाएका  थिए । रेका

चलचित्रका प्रमुख पक्ष प्रभावकारी संगीत हो । उनका सबैजसो चलचित्रमा रविशंकरले संगीत दिएका थिए । दृश्य नहेरी संगीतमात्र सुनेर पनि उनका चलचित्रमा दर्शकले कथापरिवेश राम्ररी महसुस गर्नसक्छन् । रेका चलचित्रहरू हेर्दा यस्तो लाग्छ- उनी कथा सामान्य चुन्छन् तर त्यसलाई 'ट्रट' गर्ने उनको शैली गजब छ ।

'पाथेर पाञ्चाली'मा काकी इन्दिरको भूमिका गर्ने चुनीबालादेवी त्यस बेला ८० वर्षीया वृद्धा थिइन् भन्दा कम्ती आश्चर्य लाग्दैन, किनभने उनको अभिनय व्यावसायिक कलाकारको तुलनामा कता हो कता स्वाभाविक लाग्छ । त्यसैगरी कानु बनर्जी, करुणा बनर्जी, रुंकी बनर्जीको अभिनय पनि त्यतिकै सुन्दर लाग्छ ।

'पाथेर पाञ्चाली'ले पनि 'बाइसाइकल थिभ्स'ले जस्तै निम्नमध्यमवर्गीय जीवनको विडम्बनाको कथा बकेको छ । बाहिर प्रचण्ड आँधी, हुरी, वर्षा चलिरहेको हुन्छ । भित्र निमोनियाले छोरी दुर्गा मृत्यसँग संघर्ष गरिरहेकी हुन्छे । थोत्रा झ्यालढोकाले हुरीको प्रहार थेग्न सक्दैनन् । छोरीलाई पानीपट्टी लगाइरहेकी सर्वोजया बोरा र सन्दुकले झ्यालढोकामा गजबार लगाउँछिन् ।

जब आवश्यक खर्चसहित हरिहर घर फर्कन्छन्, छोरी दुर्गाको मृत्यु भइसकेको हुन्छ भने आँधीहुरी र वर्षा थेग्न नसकी घर पनि भत्किसकेको हुन्छ । निम्नमध्यमवर्गीय जीवनमा कति कति दुर्भाग्य !